Jyoti Life

Jyoti Life Insurance Co. Ltd.
ज्योति लाईफ इन्स्योरेन्स क. लि.
www.jyotilife.com

कम्पनी दर्ता नं १६८१०५।०७३।७४

मिति : २०७८।१०।०७

च.नं : १७३८।०७८।७९

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर,काठमाण्डौ ।

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार ललितपुर ।

श्री बीमा समिति कुपण्डोल, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लि. सिहदरबार प्लाजा काठमाण्डौ ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. पुतलिसडक, काठमाण्डौ ।

**विषय : लाभांस प्रस्ताव परिमार्जन गरिएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०७८/०७/१४ गते दिउँसो ४:३० बजे कम्पनीको कर्पोरेट कार्यालय ज्ञानेश्वरमा बसेको संचालक समितिको ९२ औं बैठकबाट यस कम्पनीका शेयरधनिहरुलाई आ.ब.२०७६।७७ सम्मको सञ्चित मुनाफाबाट हाल कायम चुक्ता पुँजि रु. २,२०,००,००,०००।०० को ५ प्रतिशत (पाँच प्रतिशत) बोनस शेयर तथा ५.५२६३ प्रतिशत नगद लाभांस कर समेत प्रस्ताव गरि स्वीकृतिको लागि श्री बीमा समितिमा पेश गरेकोमा, श्री बीमा समितिको च नं २९५६ मिति २०७८।१०।०६ गतेको पत्रानुसार उक्त प्रस्तावित नगद लाभांसको सट्टामा बोनश शेयर र कर प्रयोजको लागि मात्र नगद लाभांस साधारण सभाबाट पारित भएपश्चात वितरण गर्ने गरि प्रस्तावित लाभांस परिमार्जन गर्न निर्देशन सहित आ.ब.०७६।७७ को बित्तिय बिबरण स्वीकृत गरेको हुँदा श्री बीमा समितिको निर्देशानुसार मिति २०७८/१०/०७ गते बिहान ११:४५ बजे कम्पनीको कर्पोरेट कार्यालय ज्ञानेश्वरमा बसेको संचालक समितिको ९८ औं बैठकबाट यस कम्पनीका शेयरधनिहरुलाई आ.ब.२०७६।७७ सम्मको सञ्चित मुनाफाबाट हाल कायम चुक्ता पुँजि रु. २,२०,००,००,०००।०० को कुल १०.५२६३ प्रतिशत लाभांस प्रदान गर्ने गरी लाभांस प्रस्ताव देहाय बमोजिम परिमार्जन गरिएको ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

१. बोनस शेयर १० प्रतिशत (दश प्रतिशत) शेयर कित्ता २२,००,०००।- (रकम रु. २२,००,००,०००।००)

२. नगद लाभांस ०.५२६३ प्रतिशत रु. १,१५,७८,९४७.३७ (. बोनस शेयरमा लाग्ने कर वापत)

उक्त लाभांस कम्पनीको आगामी साधारण सभाबाट पारित भए पश्चात लागु हुनेछ ।

भवदिय

(हस्ताक्षर)

प्रकाश विक्रम खत्री

प्रमुख कार्यकारी अधिकृत

ज्योति लाईफ इन्स्योरेन्स कं. नेपाल